# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्
## निर्वाचन निर्देशिका
## २०८१

प्रस्तावनाः पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली २०८१ को परिच्छेद २ को प्रयोजनार्थ परिषद्का उपाध्यक्ष र सदस्यको निर्वाचन गर्न कार्यविधी परिषद् बाट निर्धारण भई नसकेको हुदाँ बनाउन वान्छनीय भएकोले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली २०८१ को नियम ३ उपनियम ८ को देहाय खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् द्रारा गठित निर्वाचन समितिले यो निर्वाचन निर्देशिका बनाई लागु गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् निर्वाचन निर्देशिका, २०८१ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, –

(क) "**ऐन**" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "**नियमावली**" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ सम्झनु पर्छ ।

(ग) "**निर्वाचन** समिति" भन्नाले नियमावलीको नियम ३(२) बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) **निर्वाचन उपसमिति** भन्नाले नियमावलीको नियम ३(३) बमोजिमको उपसमिति सम्झनुपर्छ ।

(ङ) "**उम्मेदवार**" भन्नाले नियववलीको ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) (घ) र (ङ) बमोजिमका उपाध्यक्ष तथा सदस्य पदमा निर्वाचित हुन मनोनयन पत्र दर्ता गराउने उम्मेदवार सम्झनु पर्छ ।

(च) "**मतदाता**" भन्नाले नियमावलीको नियम ४ बमोजिम दर्ता भएका पशु स्वास्थ्य तथा पशुसेवा व्यवसायी सम्झनु पर्छ ।

(छ) **मतदान** केन्द्र भन्नाले मतदान गर्ने प्रयोजनका लागि निर्वाचन समितिले नियमावलीको नियम ३(८) को (च) बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(ज) "**मतपत्र**" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ ।

(झ) "**मतपेटिका**" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि निर्वाचन समितिले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ ।

(ञ) "**मनोनयनपत्र**" भन्नाले निर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन समिति समक्ष दाखिला भएको उम्मेदवारी सम्झनु पर्छ ।

(ट) "**निर्वाचन प्रतिनिधि**" भन्नाले निर्वाचनमा उम्मेदवारले मतदाताहरु मध्ये बाट नियुक्त गरेको प्रतिनिधिलाई सम्झनु पर्छ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

## परिच्छेद–२
## निर्वाचन उपसमिति सम्बन्धी व्यवस्था

(४) **निर्वाचन उपसमितिको गठनः**

(१) नियमावलीको नियम (३) को उपनियम (३) बमोजिम प्रदेशस्तरमा निर्वाचन सम्पन्न गराउन निर्वाचन समितिले निर्वाचन उपसमितिहरु गठन गरी संयोजक तथा सदस्यहरु नियुक्ती गर्न सक्नेछ ।

(२) निर्वाचन समितिको संयोजकले निर्वाचन उपसमितिको संयोजकलाई आफुले प्रयोग गर्ने अधिकारको प्रत्यायोजन गर्न सक्नेछ।

(५) **निर्वाचन समितिका संयोजकको काम, कर्तव्य र अधिकारः** ऐन, नियमावली तथा यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निर्वाचन समितिका संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः —

(क) निर्वाचनको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि परिषद्, नेपाल सरकार वा प्रदेश सरकारसँग माग गर्ने ।

(ख) निर्वाचन सम्बन्धि आचार संहिता पालना गर्ने गराउने ।

(ग) निर्वाचन सम्बन्धी कामलाई व्यवस्थित र मर्यादित बनाउन निर्वाचन समितिका सदस्यहरु तथा उपसमितिका संयोजकहरु सँग समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने।

(घ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन उपसमितिबाट प्राप्त प्रतिवेदनको आधारमा एकमुष्ट प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने।

(ङ) निर्वाचन सम्बन्धी कामको सुपरिवेक्षण र समन्वयको लागि अन्य काम गर्ने ।

(च) परिषद् र निर्वाचन समिति बीच समन्वय गर्ने।

(छ) निर्वाचनका लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन गर्ने।

(ज) प्रदेश तथा केन्द्रस्तरमा मतदान केन्द्र तोक्ने।

(झ) मतदानका लागि मतपेटिका मतपत्र लगायतका आवश्यक सबै सामग्रीहरुको व्यवस्थापन गर्ने।

(ञ) निर्वाचनसंग सम्बन्धित भए गरेका कामहरुको विवरणको अभिलेख राख्ने।

(ट) निर्वाचन सम्पन्न भएपछि निर्वाचन उपसमितिहरुबाट प्राप्त कागजातहरु बुझिलिने।

(ठ) निर्वाचन परिणाम घोषणा गरी निर्वाचित उम्मेदवारहरुलाई प्रमाणपत्र वितरण गर्ने।

(ड) निर्वाचनसंग सम्बन्धित अन्य आवश्यक सम्पुर्ण कार्यहरु गर्ने।

(६) **निर्वाचन उपसमितिका संयोजकको काम, कर्तव्य र अधिकारः** निर्वाचन उपसमितिका संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः —

(क) निर्वाचन समितिबाट प्राप्त भएको निर्वाचन हुने मिति र मतदान केन्द्र तोकिएको सूचना प्रकाशन गर्ने वा गराउने।

(ख) प्रदेशस्तरमा निर्वाचन कार्य सम्पन्न गर्न आवश्यक कर्मचारीहरु नियुक्ती गर्ने।

(ग) निर्वाचन समितिले उपलब्ध गराएका मतपत्र तथा अन्य निर्वाचन सामाग्री रुजु गरी बुझी लिने।

(घ) निर्वाचनमा खटिएका कर्मचारीलाई निर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा अभिमुखीकरण गर्ने वा गराउने।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(ङ) निर्वाचन समितिबाट प्राप्त मतपत्र लगायतका निर्वाचन सामग्री मतदानमा खटिएका कर्मचारीहरुलाई उपलब्ध गराउने।

(च) मतदान केन्द्र तथा मतगणना गर्ने स्थान र मतदान तथा मतगणना कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने।

(छ) मतदान कार्य समाप्त भएपछि मतगणना गर्ने स्थानमा प्राप्त भएका मतपेटिका बुझी सुरक्षित साथ राख्ने।

(ज) मतगणना गर्ने।

(झ) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणामको विवरण निर्वचन समितिलाई पठाउने ।

(ञ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन उपसमितिको कार्यालयमा रहेका निर्वाचन सामग्री तथा कागजातहरु निर्वाचन समितिको कार्यालयमा बुझाउने।

(ट) आचार संहिता पालना गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम गर्नेः —

(१) आचार संहिताको पालना गर्नुपर्ने कर्तव्य उम्मेदवार तथा तिनका प्रतिनिधि, लगायतका व्यक्तिलाई निर्वाचन आचार संहिताको पालना गर्न लगाउने।

(२) उपखण्ड (१) बमोजिम आचार संहिताको पालना गर्नुपर्ने कर्तव्य भएका व्यक्तिबाट आचार संहिता उल्लंघन भएको पाईएमा त्यस्तो कार्य रोक्ने वा रोक्न लगाउने अबान्छित क्रियाकलाप गरेको पाईएमा कानुन बमोजिम कारवाहीका लागि सिफारिस गर्ने ।

(ठ) निर्वाचन सम्बन्धी निर्वाचन समितिले दिएका आदेश तथा निर्देशनको अधीनमा रही निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने अन्य सबै कार्य गर्ने ।

(७) **निर्वाचन उपसमिति निर्वाचन समिति प्रति उत्तरदायी हुनेः** निर्वाचन उपसमिति निर्वाचन सम्बन्धी सम्पूर्ण कामको लागि निर्वाचन समिति प्रति उत्तरदायी हुनेछ ।

(८) **निर्वाचन कार्य सम्पन्न गर्न अन्य कर्मचारीको नियुक्तिः**

(१) निर्वाचन समिति तथा निर्वाचन उपसमितिले निर्वाचन सम्बन्धी कार्य सञ्चालनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारीहरु मध्येबाट निर्वाचन समितिले तोकेको सङख्यामा अन्य कर्मचारीहरु नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीले निर्वाचन समिति र निर्वाचन उपसमितिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी काममा सहयोग गर्नु पर्नेछ ।

(९) **अधिकार प्रत्यायोजनः** निर्वाचन समितिका संयोजकले ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम आफूलाई प्राप्त निर्वाचन सम्बन्धी केही अधिकार निर्वाचन उपसमितिका संयोजकहरु र निर्वाचन समिति तथा उपसमितिका सदस्यहरु वा निर्वाचनको काममा खटिएका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा मनोनयनपत्र जाँच गर्ने, मनोनयनपत्र सदर वा बदर गर्ने, र मतगणनाको अन्तिम मत परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

## परिच्छेद–३
## मतदाता नामावली

१०) **निर्वाचन समितिले मतदाता नामावली उपलब्ध गराउने :**

(१) कुनै पनि मतदाताले मतदाताहरुको नामावली लिन चाहेमा निर्वाचन समिति / निर्वाचन उपसमितिमा निवेदन दिनुपर्नेछ ।

(२) निर्वाचन समिति तथा निर्वाचन उपसमितिले प्रति पृष्ठ १० रुपैयाँका दरले हुन आउने रकम लिई उपदफा (१) बमोजिमको निवेदन दिने व्यक्तिलाई त्यस्तो मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा निर्वाचन समिति तथा उपसमितिको कार्यालयले मतदाता नामावलीको प्रतिलिपीमा निर्वाचन समिति वा निर्वाचन उपसमितिले तोकेको जिम्मेवार पदाधिकारीले सहीछाप गरी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद—४
## निर्वाचन कार्यक्रम

(११) **उम्मेदवारी पेश गर्नेः**

(१) निर्वाचनमा उम्मेदवार हुन पाउने योग्यता पुगेको व्यक्तिले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन समितिको कार्यालयमा उम्मेदवारी पेश गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारी पत्र पेश गर्दा वा गराउँदा उपाध्यक्ष र खुला सदस्य पदको हकमा एक जना प्रस्तावक र एक जना समर्थकले सहीछाप गरेको हुनु पर्नेछ प्रदेशबाट उम्मेदवार हुने सदस्य पदको हकमा त्यस्तो प्रस्तावक र समर्थक सोही प्रदेशको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति हुनु पर्नेछ ।

(३) उम्मेदवारी पेश गर्दा उपाध्यक्ष पदमा एक जना, प्रत्येक प्रदेशबाट एक-एकजना निर्वाचित हुने गरी सात जना सदस्य र दुई जना महिला र दुई जना खुला गरी चार जना सदस्यको पदमा उम्मेदवार हुने गरी उम्मेदवारी पेश गर्न सकिनेछ ।

(१२) **उम्मेदवारले धरौटी राख्नेः**

(१) कसैले उम्मेदवारको मनोनयनपत्र पेश गर्दा देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछः —

(क) उपाध्यक्ष पदका लागि रु. ५,०००/- पाँच हजार रुपैया

(ख) सदस्य पदका लागि रु. ३,०००/- तीन हजार रुपैया

(२) उपदफा (१) बमोजिमको धरौटी राख्दा निर्वाचन समितिको कार्यालयमा नगदै दाखिला गरी सोको नगदी रसिद संलग्न गरी पेश गर्नु पर्नेछ ।

(१३) **उम्मेदवारले पेश गर्नु पर्ने कागजातः** उम्मेदवारी पत्र पेश गर्दा उम्मेदवारले देहायका कागजातहरू पेश गर्नु पर्नेछः

(क) उम्मेदवारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) परिषद् मा नाम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

(ग) उम्मेदवार, प्रस्तावक र समर्थकको मतदाता नामावलीमा नाम रहेको निस्सा वा परिषद् मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) धरौटी जम्मा गरेको नगदी रसीद ।

(ङ) कम्तीमा ५ वर्षको सम्बन्धित पेशाको अनुभवको प्रमाण ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(१४) **उम्मेदवारी दर्ता गराउने आधिकारिक व्यक्तिः** उम्मेदवार हुने व्यक्ति, निजले मुकरर गरेको प्रतिनिधि।

(१५) **उम्मेदवारी दर्ता गर्नेः** पेश भएको उम्मेदवारी निर्वाचन समितिले जाँचबुझ गरी रीतपूर्वकको भए दर्ता गरी दिनु पर्नेछ।

(१६) **एउटा पदमा मात्र उम्मेदवारी दिन सक्नेः**

(१) एक व्यक्तिले एक पटकमा कुनै एक पदका लागि मात्र उम्मेदवारी दिन सक्नेछ ।

(२) कसैले उपदफा (१) विपरीत उम्मेदवारी दिएमा त्यस्तो उम्मेदवारले उम्मेदवारी दिएका सबै पदको उम्मेदवारी निर्वाचन समितिले बदर गर्नेछ ।

(१७) **उम्मेदवारको सूची प्रकाशन गर्नेः** उम्मेदवारी दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन समितिले दर्ता भएको उम्मेदवारीमा उल्लिखित सबै उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ।

(१८) **दाबी विरोधमा उजूरी दिन सक्नेः** प्रकाशित उम्मेदवारको सूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यताको सम्बन्धमा कुनै उम्मेदवार वा निजको प्रतिनिधिले उजूरी दिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा निर्वाचन समितिको कार्यालय समक्ष उजूरी दिन सक्नेछ ।

(१९) **उम्मेदवारीको जाँच गर्नेः**

(१) उम्मेदवारीको जाँच गर्दा कानून बमोजिम रीत पुगेका दरखास्त स्वीकृत गर्नु पर्नेछ ।

(२) निर्वाचन समितिले यस दफा बमोजिम उम्मेदवारीको जाँच गर्दा कुनै उम्मेदवारी रीत नपुगेको देखिएमा त्यस्तो उम्मेदवारी खारेज गर्नु पर्नेछ ।

(२०) **उम्मेदवारी बदर हुनेः** निर्वाचन समितिले उम्मेदवारीको जाँच गर्दा देहाय बमोजिमको अवस्थाको उम्मेदवारी बदर गर्नु पर्नेछः

(क) संविधान, ऐन, नियमावली बमोजिम उम्मेदवारको योग्यता नभएमा।

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निज वा निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा।

(ग) निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारी दर्ता गर्न तोकिएको समयभित्र उम्मेदवारी दर्ता नभएमा।

(घ) यस निर्देशिका बमोजिम पूरा गर्नु पर्ने अन्य कार्यविधि पूरा नगरेमा ।

(२१) **उम्मेदवारी बदर नहुनेः**

(१) उम्मेदवारीको जाँच गर्दा सो उम्मेदवारीमा रहेको सानोतिनो भूलचुकको कारणले मात्र सो उम्मेदवारी बदर हुने छैन । स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले उम्मेदवारी वा मतदाता नामावलीमा उम्मेदवार, प्रस्तावक, समर्थक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटी सम्झनु पर्छ ।

(२) उपदफा (१) मा उल्लिखित विवरण बाहेक कुनै उम्मेदवार, प्रस्तावक वा समर्थकको नागरिकताको प्रमाणपत्र र मतदाता नामावलीमा उल्लिखित विवरण फरक रहेकोमा निर्वाचन समिति वा निर्वाचन उपसमितिले व्यक्ति एउटै भएको भनी सिफारिस गरेमा त्यस्तो उम्मेदवारी लाई मान्यता दिन सकिनेछ ।

(२२) **नामावली प्रकाशन गर्नेः** निर्वाचन समितिले सबै उम्मेदवारी जाँच गरी सकेपछि कानून बमोजिम रीत पुगेका उम्मेदवारको नामावली तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(२३) **नाम फिर्ता लिन सक्नेः**

(१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारको नाम फिर्ता लिन तोकिएको समयभित्र निर्वाचन समितिसमक्ष सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैंले वा निजको निर्वाचन प्रतिनिधिले दाखिला गर्नु पर्नेछ ।

(२४) **उम्मेदवारको नाम हटाउनेः** निर्वाचन समिति समक्ष दाखिला भएको उम्मेदवारको नाम फिर्ता लिएको सूचनाको बारेमा निर्वाचन समिति विश्वस्त भएमा निजले नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाइएको निर्णय गर्नु पर्नेछ ।

(२५) **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेः**

(१) निर्वाचन कार्यक्रममा उल्लिखित उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन समितिले कायम रहेका उम्मेदवारको अन्तिम नामावली तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको अन्तिम नामावली तयार गर्दा पदक्रम मिलाई उम्मेदवारको नाम नेपाली वर्णानुक्रम अनुसार लेख्नु पर्नेछ ।

(३) निर्वाचन समितिले उपदफा (१) बमोजिम तयार गरेको उम्मेदवारको नामावली आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२६) **निर्विरोध निर्वाचनः** उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदमा एकजना मात्र उम्मेदवार कायम हुन आएमा निर्वाचन समितिले सो पदमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(२७) **दस्तखतको नमूना दिनेः** उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएको मितिले सात दिनभित्र उम्मेदवारले आफ्नो र नियुक्त निर्वाचन प्रतिनिधिको दस्तखतको नमूना निर्वाचन समितिलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५
## मतदान केन्द्र

(२८) **मतदान केन्द्र तोक्नेः**

(१) निर्वाचन समितिले निर्वाचनका लागि आवश्यक सङ्ख्यामा मतदान केन्द्र तोक्नेछ ।

(२) निर्वाचन समितिले उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट सम्भव भएसम्म प्रदेश राजधानी भएको ठाँउमा तोक्नुपर्नेछ ।

(२९) **मतदान केन्द्रको सूची प्रकाशन गर्नेः** निर्वाचन समितिले आफ्नो कार्यालयमा मतदान केन्द्रको सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ।

(३०) **मतदान केन्द्र थपघट गर्न सक्नेः**

(१) कुनै मतदान केन्द्रमा मतदान गर्ने मतदाताको सङ्ख्या निर्वाचन समितिले तोकेको सङ्ख्या भन्दा बढी हुने भएमा वा अन्य कुनै विशेष परिस्थिति सिर्जना भएको कारणबाट निर्वाचन समितिले तोकिएको मतदान केन्द्र थपघट गर्न आवश्यक ठानेमा थपघट गर्न सक्नेछ ।

(२) निर्वाचन समितिले आवश्यक ठानेमा सुरक्षा, सुविधा वा व्यवहारिक दृष्टिबाट मतदाताको पहुँच हुने ठाउँमा मतदान केन्द्र सार्न सक्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

## परिच्छेद– ६
## मतपत्र, मतपेटिका र अन्य निर्वाचन सामाग्री

(३१) **मतपत्रः** मतपत्रको ढाँचा, प्रकार र किसिम निर्वाचन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३२) **मतपत्र रुजु गर्नेः**

(१) निर्वाचन समितिबाट निर्वाचन गराउने जिम्मेवारी पाएका कर्मचारीहरु तथा प्रदेश स्तरमा निर्वाचन उपसमितिले निर्वाचन समितिद्वारा उपलब्ध गराइएका मतपत्रहरू रुजु गर्नु पर्नेछ। त्यसरी मतपत्र रुजु गर्दा ढाँचामा छापिएको छ, छैन देशभरीबाट निर्वाचित हुने उम्मेदवार र सम्बन्धित प्रदेशबाट मात्रै निर्वाचित हुने सबै उम्मेदवारहरुको नाम थर र उम्मेदवारी दिएको पद छापिएको छ, छैन, मत सङ्केत गर्ने कोठा छ, छैन र मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या स्पष्ट देखिने गरी छापिएको छ, छैन यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन समितिबाट उपलब्ध गराइएका मतपत्र रुजु गर्दा कुनै ठेलीमा च्यातिएका वा क्रमसङ्ख्या नभएका वा अरु कुनै कैफियत देखिएका केही मतपत्र फेला परेमा त्यस्ता मतपत्रलाई मतपत्रको ठेलीबाट नछुट्याई सोही ठेलीमा पट्याएर राखी सो व्यहोरा खोली कैफियत जनाई निर्वाचन समिति वा उपसमिति संयोजकलाई बुझाउन सकिनेछ ।

(३३) **मतदान अधिकृतलाई मतपत्र बुझाउनेः**

(१) निर्वाचन समितिले प्रत्येक प्रदेशको निर्वाचन उपसमितिलाई लाहाछाप गरी उपलब्ध गराएका मतपत्रहरुलाई सम्बन्धित निर्वाचन उपसमितिले मतदान अधिकृतलाई मतपत्र उपलब्ध गराउँदा सम्बन्धित मतदान केन्द्रको लागि आवश्यक पर्ने मतपत्रहरु लाहाछाप लगाई बुझाउनु पर्नेछ ।

(२) निर्वाचन उपसमितिले मतदान अधिकृतलाई मतपत्र बुझाउँदा फाराममा मतदान अधिकृतको दस्तखत नमूना लिई अभिलेख राख्नु पर्नेछ ।

(३) मतदान अधिकृतलाई बुझाई बाँकी हुन आएका मतपत्र निर्वाचन समिति र निर्वाचन उपसमितिले आफ्नो जिम्मामा सुरक्षितसाथ राख्नु पर्नेछ । त्यस्ता बढी मतपत्र पुनःमतदान गर्नुपर्ने अवस्थामा मात्र प्रयोग गर्नु पर्नेछ ।

(३४) **मतपेटिकाः**

(१) निर्वाचन समितिले प्रत्येक मतदान केन्द्रमा आवश्यक सङ्ख्यामा मतपेटिकाको व्यवस्था गर्नेछ ।

(२) मतदान अधिकृतले मतपेटिका बुझी लिँदा त्यस्तो मतपेटिका दुरुस्त छ, छैन हेरी बुझी लिनु पर्नेछ ।

(३५) **निर्वाचन सामग्री बुझाउनेः** निर्वाचन कार्यालयले निर्वाचनमा खटिएका मतदान अधिकृतलाई मतदान केन्द्रतर्फ प्रस्थान गर्नु अघि मतदान केन्द्रमा आवश्यक पर्ने मतदाता नामावली, मतपेटिका, सुरक्षण सिल, मतसङ्केत गर्ने छाप, नउड्ने मसी, छापदानी, पोलबुक लगायतका अन्य आवश्यक निर्वाचन सामग्री बुझाउनु पर्नेछ ।

## परिच्छेद–७
## मतदान हुनु भन्दा पहिले मतदान केन्द्रमा गर्नु पर्ने तयारी

(३६) **मतदान केन्द्रको क्षेत्र तोक्नेः** मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ ।

(३७) **मतदान केन्द्र निर्माण गर्नेः** मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा आवश्यक पर्ने सामग्रीको व्यवस्था गरी मतदान केन्द्रको निर्माण गर्नु पर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(३८) **प्रचार-प्रसार गर्न निषेध गरेको जानकारी गराउने:** निर्वाचनको लागि मतदान हुने दिनभन्दा २०८१/१०/१६ गते राति १२ बजेबाट मतदानको काम पूरा नभएसम्म कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले प्रचार–प्रसार गर्न वा गराउन पाउने छैन।

## परिच्छेद-८

## मतदान

(३९) **मतदानको समयः** मतदान हुने मितिमा मतदान गर्ने समय बिहान ८ बजे देखि साँझ ४ बजेसम्म हुनेछ ।

(४०) **रित्तो मतपेटिका बन्द गर्ने:** मतदान अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन पुर्व र सम्पन्न पश्चात मुचुल्का तयार गरी वा देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी मतपेटिका बन्द गर्नु पर्नेछ र मतपेटिका बन्द गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा सुरक्षणसिल लगाई बन्द गर्नु पर्नेछ ।

(४१) **मतदान प्रारम्भ गर्ने:**

(१) मतदान अधिकृतले मतदान हुने दिन पूर्व निर्धारित समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ ।

(२) मतदान प्रारम्भ हुने पूर्व निर्धारित समयमा मतदान गर्न मतदाता उपस्थित भएमा वा नभएमा पनि मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार, प्रतिनिधि वा अन्य उपस्थितहरुको रोहबरमा मतदान प्रारम्भ भएको भनी मुचुल्का तयार गरी निजहरुको सहीछाप गराई आफुले समेत सहीछाप गरी राख्नु पर्नेछ ।

(४२) **मतपत्रमा दस्तखत गर्ने:** मतदान अधिकृतले सिलबन्दी प्याकेट खोलिएका सम्पूर्ण मतपत्र आफ्नो जिम्मामा राख्नु पर्नेछ र मतपत्रमा दस्तखत गर्नको लागि निर्देशित ठाउँमा आफ्नो दस्तखत गर्नु पर्नेछ ।

(४३) **मतदान केन्द्रमा प्रवेश गर्न अनुमतिः** मतदान अधिकृतले देहायका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिनु पर्नेछः —

(क) मतदाता।

(ख) उम्मेदवार वा निजको एकजना प्रतिनिधि।

(ग) निर्वाचन समिति वा उपसमितिबाट लिखित अनुमति प्राप्त व्यक्ति।

(घ) मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक।

(ङ) दृष्टिविहीन वा शारीरिक रुपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

(४४) **मतदान केन्द्रमा प्रवेश गर्न नदिने:**

(१) मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(२) मतदान केन्द्रको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(३) मतदान केन्द्रमा प्रवेश गरी सकेका मतदान गर्न बाँकी मतदाता बाहेक मतदानको समय समाप्त भए पछि अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न वा त्यहाँ रहन पाउने छैनन् ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(४५) **मतदाताको नाम जाँच गरी रुजु गर्नेः**

(१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाताको सक्कल नागरिकता वा नागरिकता नम्बर उल्लेख भएको आधिकारिक प्रमाणपत्र वा परिषद्को प्रमाण पत्र वा परिषद्को परिचय पत्र वा सवारी चालक अनुमति पत्र वा राष्ट्रिय परिचय पत्र हेरी सो मतदाताको नाम मतदाता नामावलीमा समावेश भएको छ, छैन जाँच गर्नेछ । यसरी जाँच गर्दा मतदाताको व्यक्तिगत विवरण सोधनी गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत मतदान केन्द्रमा खटिएको कर्मचारी विश्वस्त भएमा मात्र निजलाई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नामको अगाडि रेजा (√) चिन्ह लगाउनु पर्नेछ ।

(४६) **मतदाताको औंलामा चिनो लगाउनेः** मतदाताको नाम आदी रुजु भएपछि मतदान अधिकृतले खटाएको कर्मचारीले मतदाताको बायाँ हातको बुढी औंलामा नङ र मासुको जोर्नीमा नमेटिने मसीले चिनो लगाउनु पर्नेछ ।

(४७) **मतपत्रको अर्धकट्टीमा मतदाताको सहीछाप गराउनेः** मतदान अधिकृत वा मतदान अधिकृतले खटाएको कर्मचारीले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अर्धकट्टीको माथिको भागमा सो मतदाताको क्रमसङ्ख्या तथा मतदाता नम्बर समेत लेखी सो मतदाताको सहीछाप गराई मतपत्र दिनु पर्नेछ ।

(४८) **मतपत्र दिनेः**

(१) मतदान अधिकृत वा मतदान अधिकृतले खटाएको कर्मचारीले मतदाता नामावलीमा नाम रुजु गरी औंलामा नमेटिने मसीले चिनो लगाइएको मतदातालाई मतपत्रको अर्धकट्टीमा भएको विवरण भरी सहीछाप गराई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१ बमोजिम मतपत्र दिंदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी सहि भएको मात्र दिनु पर्नेछ ।

(४९) **मतदान गर्न प्राथमिकताः** मतदान अधिकृतले अपाङ्गता भएका, गर्भवती, अशक्त, बृद्ध वा बिरामी मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५०) **सानोतिनो त्रुटिमा मतदान गर्न दिनेः**

(१) मतदाता नामावलीमा सम्बन्धित मतदाताको नाम, थर, वतन वा क्रमसङ्ख्याको लेखाइ वा छपाइ सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटि भएमा र सो त्रुटिले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो मतदातालाई मतदान अधिकृतले मतदान गर्न अनुमति दिन सक्नेछ ।

(२) मतदाता नामावलीमा सम्बन्धित मतदाताको नाम, थर, वतन, मतदाता नम्बर ठीक भएको तर मतदाताको मतदाता नामावलीको तस्विर अस्पष्ट भएमा र सो कुराबाट कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो मतदातालाई मतदान अधिकृतले मतदान गर्न अनुमति दिन सक्नेछ ।

(५१) **तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउनेः** मतदाताले अन्तिम मतदाता नामावलीमा जुन मतदान केन्द्र तोकिएको छ सोही केन्द्रबाट मतदान गर्न पाउनेछ । मतदान केन्द्र नतोकिएको मतदाताले स्थायी वतन भएको मतदान केन्द्रबाट मतदान गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| जगत जंग बम<br>अधिवक्ता<br>सदस्य<br>निर्वाचन समिति | कृष्ण प्रसाद सुवेदी<br>अधिवक्ता<br>सदस्य<br>निर्वाचन समिति | शंकर प्रसाद सुवेदी<br>वरिष्ठ अधिवक्ता<br>संयोजक<br>निर्वाचन समिति |

(५२) **नाम ढाँटी मतदान गर्ने व्यक्ति उपरको उजूरीः**

(१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएको हो भनी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा सोही मतदान केन्द्रको मतदाताले मतदान अधिकृत समक्ष उजूर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक कुरा बुझी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान गर्नबाट रोक्ने सम्बन्धि तत्काल निर्णय गर्नुपर्नेछ र नाम ढाँटी मतदान गर्न आउने मतदातालाई प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

५३) **कसलाई मतदान गरेको प्रकट गर्नु नहुने** : कुनै पनि मतदाताले मतदानको अवधिभर आफुले कसलाई मतदान गरेको हो भन्ने व्यहोरा कुनै पनि माध्यमबाट कसैलाई प्रकट गर्नु हुँदैन ।

५४) **मतदानको प्रगति विवरण** : मतदान अधिकृतले मतदान सुरु भएको जानकारी निर्वाचन समिति/उपसिमितलाई पठाउनु पर्नेछ। त्यसपछि माग भएको बेला माग भए बमोजिमको जानकारी दिनु पर्नेछ ।

५५) **मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने** :मतदान अधिकृतले मतदानको लागि तोकिएको समयभित्र मतदान केन्द्रभित्र प्रवेश गरी सकेको मतदातालाई मतदान गर्ने समय समाप्त भए तापनि मतदान गर्न अनुमति दिनु पर्नेछ ।

५६) **मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने** : मतदान गर्न तोकिएको समय समाप्त भएपछि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित व्यक्तिहरुको रोहबरमा मतपत्र रहेका सबै मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गरी निर्वाचन समितिले उपलब्ध गराएको सुरक्षण सिल लगाउनु पर्नेछ ।

५७) **मतपत्रको फाँटबारी तयार गर्ने** :

(१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि मतपत्रको फाँटवारी तयार गर्नु पर्नेछ। त्यसरी फाँटबारी तयार गर्दा प्रयोग भएका र प्रयोग नभएका मतपत्रको छुट्टाछुट्टै फाँटवारी तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फाँटवारी तयार गरे पछि सो फाँटवारीमा मतदान अधिकृतले सहीछाप गर्नु पर्नेछ र सो स्थानमा उपस्थित व्यक्तिहरुको समेत सहीछाप गराउनु पर्नेछ ।

५८) **कागजात सुरक्षित राख्ने** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि देहायका कागजपत्र र मतपत्रहरू छुट्टाछुट्टै खाममा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ र सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले समेत
आफ्नो लाहाछाप लगाउन चाहेमा लगाउन दिनु पर्नेछ :—

(क) मतदान अधिकृतको दस्तखत नभएका मतपत्र।

(ख) मतदान अधिकृतको दस्तखत भएका तर मतदानमा प्रयोग नभएका मतपत्र।

(ग) मतपेटिका बाहिर रहेका मतपत्र।

(घ) रद्द गरिएका मतपत्र।

(ङ) मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र।

(च) मतदाताको नाम रुजु गरी रेजा (√) चिन्ह लगाएको मतदाता नामावली।

(छ) मतपत्रका अर्धकट्टी ।

(२) उपदफा (१) बमोजिम खामबन्दी गर्दा कागजपत्रहरु छुट्टाछुट्टै खाममा बन्द गर्नु पर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

५९) **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने :**

(१) कुनै मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा उपद्रव वा प्राकृतिक विपत्ति वा काबू बाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गरी मतदान स्थगित भएको कारण सहित उल्लेख गरी सूचना सोही स्थानमा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी उम्मेदवार वा प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

६०) **मतपेटिका र मतदान सामग्री बुझाई भरपाई लिने :**

(१) मतदान अधिकृतले सम्बन्धित मतदान केन्द्रबाट ल्याएका मतपेटिका, प्रयोग नभएका मतपत्र लगायतका खामबन्दी गरिएका कागजात तथा निर्वाचन सम्बन्धी सम्पूर्ण सामग्रीको विवरण दुई प्रति तयार गरी सम्बन्धित निर्वाचन उपसमितिलाई बुझाउनु पर्नेछ ।

(२) निर्वाचन उपसमितिले मतदान अधिकृतबाट निर्वाचन सामग्री बुझी लिएपछि मतदान अधिकृतले पेश गरेको उपदफा (१) बमोजिमको विवरणमा सहीछाप गरी एक प्रति मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ

(३) उपदफा (१) बमोजिम सामग्री बुझाउँदा मतदान अधिकृतले मतदातालाई बुझाउन बाँकी कागजातहरु सिलबन्दी नगरी निर्वाचन समिति/उपसमितिलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद-९

## मतगणना र निर्वाचन परिणाम

६१) **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने :**

(१) मतदान केन्द्रबाट मतदान भएका मतपेटिका प्राप्त भएपछि निर्वाचन समिति/उपसमितिले मतगणना गर्ने स्थान, मिति र समय उल्लेख गरी सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्ने स्थान तोक्दा सुरक्षा र सुविधाको दृष्टिले मतगणना गर्न उपयुक्त सरकारी कार्यालय वा सार्वजनिक भवनमा मतगणना हुने गरी तोक्न सकिनेछ ।

६२) **मतगणना प्रतिनिधि राखे :**

(१) मतगणनामा उम्मेदवार वा निजको प्रतिनिधिले मतगणना गर्ने स्थानमा उम्मेदवारको प्रतिनिधित्व गर्न वा मतगणनाको लागि उम्मेदवारले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि राख्न सक्नेछ ।

(२) निर्वाचन समितिले एउटा उम्मेदवारको तर्फ बाट एक जना मात्र प्रतिनिधि रहने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

६३) **मतगणना गर्ने स्थानमा प्रवेशः**

(१) निर्वाचन समितिले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिने छैन ।

(क) निर्वाचनको मतगणनाको लागि उम्मेदवार वा निजको एक जना प्रतिनिधि।

(ख) मतगणनाको काममा खटिएका कर्मचारी।

(ग) सुरक्षाको लागि खटिएका कर्मचारी।

(घ) निर्वाचन समिति/उपसमितिबाट अनुमति पाएका व्यक्ति ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(२) मतगणना गर्ने स्थानमा प्रवेश गर्न पाउने उपदफा (१) बमोजिमका व्यक्तिलाई निर्वाचन समिति/उपसमितिले अनुमतिपत्र दिनु पर्नेछ ।

६४) **परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्नेः**

(१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति पाएका कर्मचारी वा व्यक्तिले मतगणना गर्ने स्थानमा रहँदा आफ्नो परिचयपत्र तथा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नभएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा बस्न दिनु हुदैन ।

६५) **निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने :**

(१) निर्वाचन समितिले मतगणना प्रारम्भ गर्न प्रकाशन गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा उपस्थित उम्मेदवार वा निजका प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु वा गराउनु पर्नेछ ।

(२) निर्वाचन समिति/उपसमितिले मतगणना प्रारम्भ गरेको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी उम्मेदवार वा निजको प्रतिनिधि समेतको सहिछाप गराउनु पर्नेछ ।

(३) मतगणना गर्ने स्थानमा उम्मेदवार वा निजका प्रतिनिधि उपस्थित नभएमा वा मुचुल्कामा सहीछाप गर्न मञ्जुर नगरेमा निर्वाचन समिति/उपसमितिले मुचुल्कामा सोही व्यहोरा जनाई आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) निर्वाचन समितिले मतगणना प्रारम्भ हुनु पूर्व मतगणनास्थलमा उपस्थित कसैले पनि क्यामरा, मोबाइल जस्ता उपकरणहरु प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

६६) **मतपेटिका जाँच गर्ने :**

(१) मतगणना प्रारम्भ भएको मुचुल्का गरी सकेपछि निर्वाचन उप समितिले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ ।

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन,

(ख) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षणसिल दुरुस्त छ, छैन ।

(२) निर्वाचन उपसमितिले उपदफा (१) बमोजिम मतपेटिका जाँच गरी सकेपछि मतपेटिका जाँच गरेको मुचुल्का गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ। कुनै उम्मेदवार वा प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा त्यस्तो कैफियत समेत जनाउन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा उपस्थित उम्मेदवार वा निजका प्रतिनिधिको सहमति कायम गरी मतगणना गर्नु पर्नेछ। सहमति कायम हुन नसकेमा समितिको निर्णय बमोजिम गर्नु पर्नेछ ।

६७) **मतगणनाको प्रक्रियाः**

(१) मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि सो मतपेटिकामा लगाएको सुरक्षणसील तोडी खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतगणना गर्ने टेबुल वा स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार वा निजका प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) मतपेटिकाबाट पटयाईएका मतपत्रहरू खोलेर मतसङ्केत गरिएको भाग घोप्टयाएर राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई धागो वा रबरले बाँधी राख्नु पर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(३) निर्वाचन समितिले उपदफा (२) बमोजिम बनाइएका ठेली जिम्मा लिई राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ । मतगणना गर्दा गणना गरिएको प्रत्येक मतको फाराममा जनाई मतगणना गर्ने कर्मचारी तथा उम्मेदवार वा निजका प्रतिनिधिहरुले सहिछाप गर्नुपर्नेछ ।

(४) मतदान भएको मतपत्र गणना गर्दा उपदफा (२) बमोजिम छुट्टयाइएका मतपत्रको ठेलीबाट सबैभन्दा पहिले बदर मतपत्रहरु छुट्टयाई त्यसको गणना गर्नु पर्नेछ। त्यसपछि उम्मेदवारले पाएको मत सङ्केत अनुसार सदर मतको गणना गर्नु पर्नेछ ।

६८) **प्रतिनिधिले देख्ने गरी मतगणना गर्ने** :

(१) मतगणना गर्दा निर्वाचन समिति वा निजले खटाएको कर्मचारीले उम्मेदवार वा निजका प्रतिनिधिले राम्रोसँग देख्न सक्ने गरी मतगणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा उम्मेवार वा निजका प्रतिनिधिले कुनै मतपत्र हेर्न चाहेमा निजहरुलाई त्यस्तो मतपत्र देखाउनु पर्नेछ तर त्यस्तो मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन ।

६९) **मतगणनाको जानकारी गराउने** : निर्वाचन समिति/उपसमितिले मतगणना कार्यको प्रगति र नतिजाको विवरण समय समयमा जानकारी गराउनु पर्नेछ ।

७०) **बदर हुने मतपत्र** :मतगणना गर्दा देहाय बमोजिमको मतपत्र बदर गर्नु पर्नेछ :—

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको।

(ख) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको।

(ग) निर्धारित कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको।

(घ) समान पदका लागि एकभन्दा बढी उम्मेदवारलाई मत सङ्केत गरिएको।

(ङ) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको।

(च) कुनै पनि उम्मेदवारलाई मत सङ्केत नगरिएको।

(छ) निर्वाचन समितिद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको।

(ज) मतपेटिका भन्दा बाहिर राखिएको।

(झ) जाली मतपत्र।

(ञ) मतपत्र भित्र अन्य कुनै बस्तु संलग्न गरेको, च्यातेको वा प्वाल पारेको वा कुनै व्यहोरा लेखेको वा जनाएको।

७१) **सदर र बदर मतपत्र अलग—अलग खाममा बन्द गर्ने** : निर्वाचन समिति/उपसमितिले गणना गरी सकेको मतपत्रमध्ये सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरी राख्नु पर्नेछ। यसरी सिलबन्दी गर्दा आफूले सहीछाप गरी उम्मेदवार वा निजका प्रतिनिधिको पनि सहीछाप गराउनु पर्नेछ ।

७२) **मतगणना गर्ने स्थानबाट बाहिर पठाउने**: निर्वाचन समिति/उपसमितिले मतगणनाको काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

७३) **मतगणना लगातार गर्ने** : निर्वाचन समिति/उपसमितिले मतगणनाको काम प्रारम्भ मतगणना नसकिएसम्म मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

७४) **मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने :**

(१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न आफ्नो काबुभन्दा बाहिरको कारणले सम्भव हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन समिति/उपसमितिले मतगणना समाप्त हुनुभन्दा पहिले सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन समिति/उपसमितिले गणना गरी सकेका मतपत्र, मतगणना अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्र र मतगणना गर्न बाँकी रहेका मतपेटिकाको लगत समेत अलग—अलग खाम, थैलो वा बोरामा बन्द गरी आफूले सहीछाप गरी लाहाछाप लगाउनु पर्नेछ र सो बन्द खाममा उम्मेदवार वा निजका प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) निर्वाचन समिति/उपसमितिले उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गर्नु पर्ने कारण समेत उल्लेख गरी मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजका प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) निर्वाचन समिति/उपसमितिले उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा यथाशीघ्र मतगणनाको काम पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम मतगणना स्थगित गरेको सम्बन्धमा उपदफा (४)बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन समिति/उपसमितिले सूचना तयार गरी मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको र पुनः मतगणना प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ तर कुनै उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

(६) निर्वाचन समितिले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गरेको मुचुल्का गर्नु पर्नेछ ।

७५) **मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने:**

(१) मतगणना पुरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रबाट मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन समिति/उपसमितिको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा, खोलिएमा, नोक्सान गरिएमा, तोडफोड गरिएमा, हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन समिति/उपसमितिले मतगणनाको काम स्थगित गर्नेछ र त्यस्तो स्थानको मतदान अवैध घोषित गरी रद्द गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन समिति/उपसमितिले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सोको सूचना तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

७६) **मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने:**

(१) कसैले मतगणना गर्ने स्थानको अनधिकृत कब्जा गरेमा निर्वाचन समिति/उपसमितिले मतगणनाको कार्य तत्काल स्थगित गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछ:

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा।

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन समिति/उपसमिति वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

७७) **दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने** :

(१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार निजका प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराई पाउँ भनी तत्काल निर्वाचन समिति/उपसमिति समक्ष कारण सहित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन समिति/उपसमितिले सो निवेदन दर्ता गर्नु पर्नेछ ।

७८) **दोहोऱ्याई मतगणना गर्ने**: दफा ७७ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था परेमा निर्वाचन समिति/उपसमितिले दोहोऱ्याई मतगणना गर्न मुचुल्का गरी सो मुचुल्कामा आफूले सहीछाप गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । मुचुल्कामा सहीछाप गर्नुपर्ने व्यक्तिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

७९) **दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने** : दफा ७७ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन समिति/उपसमितिले सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले सूचना दिनु पर्नेछ ।

८०) **मतगणना तालिका तयार गर्ने** : निर्वाचन समिति/उपसमितिले मतगणना कार्य समाप्त भएपछि मतगणना तालिका तयार गर्नु पर्नेछ । सो मतगणना तालिकामा निर्वाचन समिति/उपसमितिले आफूले सहीछाप गरी उम्मेदवार वा निजका प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

८१) **मतगणना समाप्त भएको मुचुल्का गर्ने** : मतगणनाको काम समाप्त भएपछि निर्वाचन समिति/उपसमितिले मतगणना समाप्त भएको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजका प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

८२) **मत बराबर भएमा गोला हाल्ने सूचना दिने** :

(१) मतगणना कार्य समाप्त भएपछि निर्वाचनमा दुई वा दुई भन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन समिति/उपसमितिले त्यसरी बराबर मत पाउने उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोला हाल्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधिले गोला तान्न इन्कार गरेमा निर्वाचन समितिले अन्य कुनै तरिकाबाट गोला तान्ने व्यवस्था मिलाई निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गोला हाली निर्णय गरेको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन समिति/उपसमितिले सहीछाप गरी मत बराबर भएका उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । त्यस्तो मुचुल्का गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा वा सहीछाप गर्न नमानेमा सोही व्यहोरा उल्लेख गरी अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गोलाप्रथाद्वारा छानिएको उम्मेदवारले एक मत बढी पाई विजयी भएको मानिनेछ ।

८३) **निर्वाचन परिणामको घोषणा** : निर्वाचन समिति/उपसमितिले मतगणना तालिका तयार गरी सके पछि वा गोला हाली निर्णय गरी सकेपछि एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी निर्वाचन उपसमितिले एक प्रति विवरण निर्वाचन समितिमा र निर्वाचन समितिले एक प्रति परिषद्मा पठाउनु पर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

८४) **प्रमाणपत्र दिने** :

(१) निर्वाचन समितिले निर्वाचन परिणामको घोषणा गरी सकेपछि निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र दिनु पर्नेछ ।

(२) निर्वाचन समितिले निर्वाचित उम्मेदवारको दुई प्रति प्रमाणपत्र तयार गरी एक प्रति विजयी उम्मेदवारलाई दिई अर्को एक प्रति अभिलेखको लागि परिषद् मा बुझाउनु पर्नेछ र यसरी प्राप्त भएका प्रमाणपत्र परिषद्ले सुरक्षितसाथ राख्नु पर्नेछ ।

८५) **निर्वाचित मिति** : निर्वाचन समिति/उपसमितिले निर्वाचनको परिणामको घोषणा गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

## परिच्छेद-१०
## उम्मेदवार वा निजको प्रतिनिधि

८६) **निर्वाचन प्रतिनिधि**:

(१) कुनै उम्मेदवारले कुनै मतदातालाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी निर्वाचन प्रतिनिधि नियुक्त गरेको लिखित सूचना निर्वाचन समिति वा निर्वाचन उपसमितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति निर्वाचन प्रतिनिधि हुन देहायको योग्यता भएको हुनु पर्नेछः —

(क) परिषद् मा नाम दर्ता भएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी।

(ख) निर्वाचनको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको।

(ग) उम्मेदवार हुन अयोग्य नभएको।

(घ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपदफा (१) बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्यमा उम्मेदवारको प्रतिनिधित्व गर्ने।

(ख) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवारको प्रतिनिधिको रुपमा सहीछाप गर्ने।

(ग) निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने।

(घ) यस निर्देशिका बमोजिम निर्वाचन प्रतिनिधिले गर्नु पर्ने अन्य काम गर्ने ।

(४) निर्वाचन समितिले उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो निर्वाचन प्रतिनिधिलाई परिचयपत्र दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन समिति/उपसमितिलाई तुरुन्त दिनु पर्नेछ ।

(६) यस निर्देशिकामा निर्वाचन प्रतिनिधिले गर्नुपर्ने भनी उल्लेख भए बमोजिमको काम गर्नु निर्वाचन प्रतिनिधिको कर्तव्य हुनेछ ।

८७) **मतदान प्रतिनिधि** :

(१) निर्वाचनमा मतदान सम्बन्धी कामको लागि उम्मेदवारको तर्फबाट निर्वाचन प्रतिनिधिले नै मतदान प्रतिनिधिको रुपमा काम गर्नेछ तर कुनै उम्मेदवारको तर्फबाट एउटा मतदान केन्द्रमा एकजना मात्र निर्वाच प्रतिनिधि मतदान प्रतिनिधिको रुपमा रहन सक्नेछ ।

(२) मतदान प्रतिनिधिको रुपमा काम गर्ने निर्वाचन प्रतिनिधिको सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने गरी अन्तिम मतदाता नामावलीमा नाम समावेश हुनुपर्नेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति

(३) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतदान सम्बन्धी कार्यमा तयार गर्नु पर्ने मुचुल्कामा सहिछाप गर्नु तथा ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ ।

८८) **मतगणना प्रतिनिधि :**

(१) उम्मेदवार वा निर्वाचन प्रतिनिधि स्वयंले मतगणनास्थलमा उपस्थित भई मतगणना प्रतिनिधि को रुपमा कार्य गर्नुपर्नेछ ।

(२) एक जना उम्मेदवारको तर्फबाट एउटा मतगणना स्थलमा एक जना मात्र मतगणना प्रतिनिधि उपस्थित हुन पाउनेछ ।

(३) मतगणना प्रतिनिधिको कार्यावधि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(४) मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धितउम्मेदवारबाट अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन समिति/उपसमितिलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(६) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतगणना सम्बन्धी कार्यमा तयार भएका मुचुल्कामा सहिछाप गर्नु र यस निर्देशिका बमोजिम मतगणना प्रतिनिधिले मतगणनास्थलमा गर्नु पर्ने सबै काम गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

८९) **उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि निर्वाचनको काम नरोकिने :**

(१) निर्वाचनको कुनै काममा कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कसैले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिनेछैन ।

(२) कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधि अनुपस्थित भएको वा निजले गर्नु पर्ने निर्वाचन सम्बन्धी काम नगरेको अवस्थामा निर्वाचन समिति/उपसमिति वा मतदान अधिकृतले गरेको निर्वाचन सम्बन्धी काम कानून बमोजिम भएको मानिनेछ ।

## परिच्छेद—११

## विविध

९०) निर्वाचन परिणाम घोषणा भए पछि यो निर्देशिका स्वत निस्क्रिय हुनेछ ।

९१) ऐन,नियमावली र यस निर्देशिकामा उल्लेख भए बाहेक अन्य कुरा निर्वाचन समितिको निर्णय बमोजिम हुनेछ ।

९२) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

जगत जंग बम
अधिवक्ता
सदस्य
निर्वाचन समिति

कृष्ण प्रसाद सुवेदी
अधिवक्ता
सदस्य
निर्वाचन समिति

शंकर प्रसाद सुवेदी
वरिष्ठ अधिवक्ता
संयोजक
निर्वाचन समिति